लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद्, लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८१/८२
च. नं. : ६३

मितिः२०८१/०९/०३

## आवद्धता हुन आउने सम्बन्धी सूचना!

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास ऐन २०७६ को दफा १५ अनुसार बिभिन्न खेल बिधाका प्रदेशस्तरीय संघ महासंघहरु र खेलकुदको क्षेत्रमा क्रियाशिल रही परिषदमा आबद्ध हुन इच्छुक बिभिन्न क्लव तथा खेल सम्वद्ध संस्थाहरुहरुलाई परिषदको लगतमा नाम दर्ता गर्न प्रदेश खेलकुद विकास नियमावली, २०७८ को अनुसूची-१ को ढाँचामा यस परिषद् समक्ष ३५ दिन भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको ब्यहोरा निर्देशानुसार अनुरोध छ।

आवद्धताका लागि आवश्यक कागजातहरु:

१. संस्था दर्ता प्रमाणपत्र।
२. विधानको प्रतिलिपी।
३. पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन।
४. सञ्चालन गरिने खेलकुद गतिविधि।
५. साधारण सभाको प्रमाणित प्रतिलिपी।
६. महासंघ/संघ/क्लव/संस्थाका पदाधिकारी तथा सदस्यहरुको पेशा र नागरिकताको प्रमाणित प्रतिलिपी।
७. नयाँ महासंघ/संघहरुको हकमा जिल्ला खेलकुद बिकास समितिका पदाधिकारी तथा प्रतिनिधिको रोहबरमा कम्तिमा ५ जिल्ला गठन भएको प्रमाणित कागजातहरु।
८. प्रदेश खेलकुद परिषद् लुम्बिनीका पदाधिकारी वा प्रतिनिधिको रोहवरमा संघ/संस्था गठन भएको निर्णयको प्रमाणित प्रतिलिपी।
९. आवद्धता शुल्क रु. ३०००/- (अक्षरेपी तिन हजार) प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीको नेपाल बैङ्क लिमिटेडमा रहेको बिबिध खाता नं.२९३०२०००००२००६००००१, राजश्व संकेत नं. १४२२९, कार्यालय कोर्ड नं. ३५०००५६०७५ मा जम्मा गरेको सक्कल भौचर।

(परिषदमा आवद्धता नभएको महासंघ/संघ/क्लव/संस्थाले परिषदबाट प्राप्त हुने कुनै सहायता पाउने छैन।)

अमृत के.सी.
(प्रशासन प्रमुख)